# बबई गाउँपालिका
(Babai Rural Municipality)
# गाउँकार्यपालिकाको कार्यालय
(Office of the Rural Municipal Executive)
हापुरे दाङ, लुम्बिनी प्रदेश, नेपाल
(Hapure Dang, Lumbini Province, Nepal)

पत्र संख्याः २०८३।०८४
चलानी नः २६८

मितिः- २०८३।०५।१६

विषयः- विद्यालयमा सामाजिक परिक्षण सम्पन्न गरी प्रतिवेदन पेश गर्नेसम्बन्धमा।

श्री सामुदायिक विद्यालय (सबै)
बबई गाउँपालिका दाङ।

प्रस्तुत विषयमा यस गाउँपालिका अन्तर्गतका सम्पूर्ण विद्यालयहरुलाई सामाजिक परीक्षण मापदण्ड, २०७८ बमोजिम विद्यालयको सामाजिक परीक्षण सम्पन्न गरी मिति २०८३।०५।३० गते भित्र पेश गर्न हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

विद्यालयको शैक्षिक, व्यवस्थापकीय, आर्थिक तथा भौतिक पक्षमा पारदर्शिता, जवाफदेहिता, सहभागिता तथा सुधार अभिवृद्धिगर्ने उद्देश्यले प्रत्येक विद्यालयले विद्यालय सामाजिक परीक्षण गर्नुपर्ने भएकाले देहाय बमोजिमका कार्यहरु अनिवार्य रुपमा सम्पन्न गर्नु हुन अनुरोध छ।

देहायः

१. विद्यालय सामाजिक परीक्षण मापदण्ड, २०७८ बमोजिम विद्यालय सामाजिक परीक्षण समिति गठन/व्यवस्था गरी सामाजिक परीक्षणको कार्य अगाडि बढाउने,
२. विद्यालयमा सामाजिक परीक्षण मापदण्ड, २०७८ को दफा ५ उपदफा १ का विषयवस्तु समेट्नु पर्ने,
३. सामाजिक परीक्षणका लागि आवश्यक प्राविधिक सहयोग तथा मूल्याङ्कन कार्यको लागि विद्यालय सामाजिक परीक्षण मापदण्ड, २०७८ को उपदफा ३ को उपदफा ३ बमोजिमको प्राविधिक उपसमिति मार्फत गराउने र सो समितिले तयार गरेको प्रतिवेदन सामाजिक परीक्षण समितिमा पेस गर्ने,
४. सामाजिक परीक्षणबाट प्राप्त नतिजा, उपलब्धी, समस्या, चुनौती तथा सुधार गर्नुपर्ने विषयहरु समेटी सरोकारवालाहरुसँग सार्वजनिक सुनुवाई गर्ने,
५. विद्यालय सामाजिक परीक्षणको प्रतिवेदन विद्यालय सामाजिक परीक्षण मापदण्ड, २०७८ को अनुसूची -१ र अनुसूची-२ मा उल्लिखित ढाँचामा तयार गर्ने,
६. सामाजिक परीक्षणबाट प्राप्त सुझाव तथा सुधारका विषयहरुलाई आगामी विद्यालय सुधार योजना तथा वार्षिक कार्यक्रमसँग आबद्ध गरी कार्यान्वयन गर्न,
७. सामाजिक परीक्षणको अन्तिम प्रतिवेदन विद्यालय व्यवस्थापन समिति समक्ष पेश गरी आवश्यक निर्णय तथा सुझाव समावेश गर्ने,
८. सामाजिक परीक्षण सम्पन्न भएपछि IEMIS मा समेत अध्यावधिक गर्ने,
९. सामाजिक परीक्षण गर्दा विद्यालयको वास्तविक अवस्था झल्किने गरी तथ्य, प्रमाण तथा अभिलेखका आधारमा निष्पक्ष र पारदर्शी रुपमा मूल्याङ्कन गर्नुपर्नेछ,

पुनश्चः उल्लेखित तोकिएको समय भित्र विद्यालय सामाजिक परीक्षण प्रतिवेदन पेस नगर्ने विद्यालयहरुलाई विद्यालय सामाजिक परीक्षण मापदण्ड, २०७८ को दफा ९ को उपदफा ३ बमोजिम कुनै पनि अनुदान रकम निकासा हुने छैन।

८३/०५/१६

सरस्वती भण्डारी
वरिष्ठ शिक्षा अधिकृत (आठौं)